नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि स्थानीय तह छनौट सम्बन्धी आशय पत्र आह्वानको सूचना (EOI)**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०१/१७)

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिगो, उत्थानशील र समावेशी विकासको सिद्धान्तमा आधारित स्थानीय पूर्वाधार विकास तथा सेवा प्रवाहमा स्थानीय तहहरूलाई सहयोग गर्ने उद्देश्यले बेलायत सरकारको आर्थिक सहायतामा सञ्चालित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) चालु आ.ब. (२०८०/८१) मा कर्णाली प्रदेशका १५ वटा स्थानीय तहहरुमा कार्यान्वयन भइरहेको छ। १६ मार्च २०२३ मा नेपाल सरकार र संयुक्त अधिराज्य बेलायत सरकारबीच भएको समझदारी पत्र तथा आयोजना दस्तावेजमा उल्लेख भए वमोजिम यस कार्यक्रम आगामी आ.ब. (०८१/८२) मा कर्णाली प्रदेशका पाँच (५) र लुम्बिनी प्रदेशमा पन्ध्र (१५) वटा स्थानीय तहहरूम थप गरी ३५ वटा स्थानीय तहमा कार्यान्वयन गरिने लक्ष्य रहेको हुदाँ यस कार्यक्रममा सहभागी हुन इच्छुक कर्णाली र लुम्बिनी प्रदेशका स्थानीय तहहरूले तल उल्लेखित weblink मार्फत आफ्नो आशयपत्र (Expression of Interest) २०८१/०२/०७ गते भित्र पेस गर्नका लागि यो सूचना आह्वान गरिएको छ ।

इच्छुक स्थानीय तहले संलग्न https://docs.google.com/forms/d/1q_znfmM0uAo5y-p0tECxFPhMbSr32jP1mPZSUB3-3t8/edit मा रहेको आशय पत्र (EoI) को फारम (Google Form) मा माग भए बमोजिमका विवरण र कार्यपालिकाको बैठकको निर्णय सहितको प्रतिबद्धता पत्र तथा कागजातहरू पेश गर्नु पर्ने र सोही आधारमा तोकिएका सूचकहरु मार्फत मूल्याङ्कन गरी स्थानीय तहहरूको छनौट गरीनेछ ।

यस सम्बन्धी विस्तृत जानकारी लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको Brief यसै साथ संलग्न छ। आशयपत्र सम्बन्धी थप जानकारी eoilisp@gmail.com मार्फत वा तल उल्लेखित सम्पर्क व्यक्तिहरू मार्फत उपलब्ध हुनेछ ।

१. छवि किरण पौडेल, शाखा अधिकृत, विकास सहायता समन्वय शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौं, फोन ९८४९०५५००२, इमेलः dccs@mofaga.gov.np
२. संजय अधिकारी, शाखा अधिकृत, विकास सहायता समन्वय शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौं, फोन ९८४३२८८६६०, इमेलः dccs@mofaga.gov.np
३. कृष्ण योगी, कार्यक्रम उपप्रमुख /LISP Transition कार्यक्रमको टिम लिडर, विश्व खाद्य कार्यक्रम, केन्द्रीय कार्यालय, काठमाडौं, फोन : ५२६०६०७, एक्स्टेन्सन २४५३, ९८५१३७३८६५ र इमेलः Krishna.jogi@wfp.org